# आदिवासी/जनजाति संयुक्त मोर्चा केन्द्रिय कार्यलयको बिस्तारिक बैठक

**संचालन :** दिलिप महर्जन

**अध्यक्षता :** सुरेश आलेमगर

–श्रद्धाञ्जली

–पार्टीको सर्कुलर वाचन

–प्रस्तावहरु

## १. बैचारीक तथा राजनीतिक सम्बन्धमा :

**१. अर्न्तक्रिया :** काठमाडौंमा केन्द्रीय स्तरको बुद्धिजीवि, लेखक, पत्रकार, कानून व्यावसायी, उद्योगी व्यावसायी, राजनीतिककर्मी, साँस्कृतिकर्मी, विद्यार्थी, महिला, युवा लगायतको उपस्थितिमा आगामी आदिवासी जनजाति संयुक्त मोर्चाको कार्यदिशा तय हुने गरि एक कार्यपत्र तयार गरि बृहत अर्न्तक्रिया कार्यक्रम गर्ने ।

**२. स्कूलीङ :** सम्पूर्ण घटक संगठनहरुले आ-आफ्नो अनुकुलतामा अभियानको अवधीभर विभिन्न स्तरको स्कूलिङ गर्ने र मोर्चाले आगामी असोजको अन्तिमतिर ३ दिने स्कूलिङ राख्ने,

**३. प्रशिक्षण :** सम्पूर्ण घटक संगठनहरुले आ-आफ्नो अनुकुलतामा विभिन्न स्तरको प्रशिक्षण कार्यक्रमहरु संचालन गर्ने,

४. संविधानमा व्यावस्था भएका प्राव्धानहरु लागू गर्न पहल गर्ने,

५. संविधानमा व्यावस्था नभएका आदिवासी जनजातिका मुद्धाहरुको पक्षमा लगातार आवाज उठाउने, जनसमुदायलाई पहिचानको पक्षमा सचेत बनाउने,

६. माओवादी पार्टीले संविधान सभामा लेखेको भिन्न मतको बारेमा जनतालाई जानकारी गराउने र पार्टीको जातिय नीति स्पष्ट पार्ने,

७. राज्य वा कुनै समुदायबाट हुने आदिवासी जनजाति माथिको जातिय विभेदका विरुद्ध तत्काल संगठनले सचेत प्रतिवाद गर्ने,

८. आदिवासी जनजातिहरुको परापूर्व कालदेखि चलिआएको संस्कार संस्कृतिलाई राज्यले प्रथाजनित कानूनको मान्यता दिइसकेको अवस्थामा पनि पूरानो एकल जाति, भाषा, धर्म, संस्कृति जस्ता केन्द्रिकृत सामन्ती सोचका कारण वेला वेलामा आईरहने समस्याहरुको विरुद्धमा प्रतिरोध गर्ने,

९. आदिवासी जनजाति, मजदुरहरु प्राय विपन्न, अशिक्षित र गरिबीको रेखामूनी भएको हुँदा अधिकाँश देश या विदेशमा मजदुरी गर्नुपर्ने वाध्यता रहेको छ। मजदुरी, पेशा व्यावसाय, नोकरीमा समेत विभिन्न अन्याय र शोषण भैरहेको छ। त्यसैले यसका विरुद्ध मोर्चाले सशक्त आवाज उठाउने,

१०. संविधान र कानूनमै भएको व्यावस्थालाई पनि तोडमोरोड गरि समुदायलाई हित विपरित कार्य भैरहेकोले संविधान र कानून बमोजिम कार्यन्वय गर्न गराउन पहल गर्ने,

११. आदिवासी जनजातिको पहिचान सँग सम्बन्धित भाषा, संस्कार संस्कृति, परम्परागत सीप, कलाको संरक्षण र विकासको लागि राज्यसँग पहल गर्ने,

१२. आदिवासी जनजातिहरुको परम्परागत ज्ञान कला र सीप, भाषा, साहित्य र संस्कार संस्कृतिको विकासका लागि आदिवासी जनजाति विश्वविद्यालय स्थापनाको लागि पहल गर्ने र जनसंख्याको बाहुल्यता रहेको प्रदेश र स्थानिय तहहरुमा सम्बन्धि समुदायको भाषालाई सरकारी कामकाजको भाषाको मान्यता दिने, समुदायको मातृभाषामा विद्यालयमा पठनपाठन गराउने, साथै केन्द्रमा सम्पूर्ण आदिवासी जनजातिका भाषाहरुलाई अनुवादको व्यावस्था गरि सरकारी कामकाजमा ल्याउन पहल गर्ने,

१३. संविधानमा भएको स्वायत्त, संरक्षित, विशेष क्षेत्रको तत्काल कार्यन्वयनमा जान सरकारलाई दवाव गर्ने,

१४. वैदेशिक रोजगारीको शिलशिलामा विभिन्न देशमा रहेका र आदिवासी जनजातिहरुले भोगिरहेको विभिन्न खाले समस्याहरुको समाधानको लागि राज्य निकाय र समुदायले स्वंयम गर्ने सहयोगको लागि पहल गर्ने,

१५.फुटाउ र राज गर नीति तथा संकृर्णतावादी सोचका कारण आदिवासी जनजातिलाई विभक्त गर्ने कार्य भैरहेकोले यसप्रति सचेत रहने र प्रतिरोध गर्ने,

१६. राष्ट्रिय तत्याङ्क कार्यलयले हालै सार्बजनिक गरेको प्रतिवेदनमा विना आधार जातिको संख्या बढाएर सार्बजनिक गरेको छ। यसले आदिवासी/जनजातिमा फुट पैदा गरेको छ। त्यसकारण सरकारले उच्च स्तरिय आयोग बनाएर अध्ययन अनुसन्धान गरि स्थाई समाधानको लागि माग गर्ने,

१७. आदिवासी जनजाति मन्त्रालय गठनको लागि माग गर्ने,

**२. संगठनको सम्बन्धमा :**

१. सम्पूर्ण घटक संगठनहरुले संभव भएसम्म भौतिक उपस्थितिमा वा संभव नभएमा भर्चुवल भएपनि अनिवार्य बैठक बस्ने,

२. अभियानको लक्ष्यअनुसार जातिय संख्याको आधारमा १०% प्रतिशत सदस्यता वितरण गर्ने,

| **मोर्चाको नाम** | **जनसंख्या** | **१०% सदस्यता संख्या** |
|---|---|---|
| १. किराती राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ६४०६७४ | ६४०६८ जना |
| २. कुमाल राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | १२९७०२ | १२९७० जना |
| ३. कोचिला राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | | |
| ४. चेपाङ राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ८४३६४ | ८४३७ जना |
| ५. छन्त्याल राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ११९६३ | ११९६ जना |
| ६. जिरेल राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ६०३१ | ६०३ जना |
| ७. झाँगड (उराव) राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | | |
| ८. तमु राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ५४३७९० | ५४३७९ जना |

| | | |
|---|---|---|
| ९. तामाङ राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | १६३९८६६ | १६३९८७ जना |
| १०. थकाली राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ११७४१ | ११७४ जना |
| ११. थपाल्या-ब्यासी राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ५७१८ | ५७२ जना |
| १२. थामी राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ३२७४३ | ३२७५ जना |
| १३ .थारू राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | १८०७१२४ | १८०७१३ जना |
| १४. दरै राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | १८६९५ | १८७० जना |
| १५. धिमाल राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | २५६४३ | २५६५ जना |
| १६. नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | १३४१३६३ | १३४१३७ जना |
| १७. पहरी राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | १५०१५ | १५०२ जना |
| १८. बराम राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ७८५९ | ७८६ जना |
| १९. भुजेल राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | १२०२४५ | १२०२५ जना |
| २०. भोटे राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ११२५८ | ११२६ जना |
| २१. मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | २०१३४९८ | २०१३५० जना |
| २२. माझी राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | १११३५२ | १११३६ जना |
| २३. मेचे राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ५१९३ | ५२० जना |
| २४. याक्खा राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | १७४६० | १७४६ जना |
| २५. राई-दनुवार राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | | |
| २६ लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ४१४७०४ | ४१४७१ जना |
| २७. ल्हो-नेस्यार्व राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | | |
| २८. वालुङ राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ४८१ | ४९ जना |
| २९. शेर्पा राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | १३०६३७ | १३०६४ जना |
| ३०. सन्थाल राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ५७३१० | ५७३१ जना |
| ३१. सुनुवार राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ७८९१० | ७८९१ जना |
| ३२. हायूँ राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ३०६९ | ३०७ जना |
| ३३. ह्योल्मो राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ९८१९ | ९८२जना |
| ३४ आदिवासी जनजाति राष्ट्रिय सञ्जाल | | |

३. बसोवासको आधारमा सम्पूर्ण घटक संगठनहरुले केन्द्र, प्रदेश, जिल्ला, पालिका र वडासम्म संगठन निर्माण गर्ने र यसको आधारमा आदिवासी जनजाति संयुक्त मोर्चा पनि गठन गर्ने,

४. विधानमा व्यवस्था गर्नेगरि हाललाई अत्यन्त जरुरी भएकोले विदेशमा बस्ने आदिवासी जनजाति जनसमुदायलाई संगठीत गर्न विदेश शाखा निर्माण गरी व्यापक सदस्यता वितरण गर्ने,

५. आदिवासी जनजाति संयुक्त मोर्चाको भातृसंगठनको रुपमा विभिन्न क्षेत्रमा रहनुभएका आदिवासी जनजातिहरुलाई समेत्ने, जसअन्तर्गत बुद्धिजीवि, युवा, विद्यार्थी, महिला, कर्मचारी, भू.पू. सैनीक, जनमुक्ति सेना, प्रहरी, पत्रकार, कानुन व्यावसायी, उद्योगी व्यावसायी, साँस्कृतिकर्मी, खेलाडी, मजदुर, सूचना प्रविधि IT को आदिवासी जनजाति .. .. . .. . मोर्चा बनाइ शाखाको रुपमा विस्तार गर्ने ।

६. विभिन्न जातिय सामाजिक संघ संस्थाहरुमा सक्रिय सहभागि भई नेतृत्वदायी भूमीका निर्वाह गर्न प्रयत्न गर्ने,

७. राजनीतिक दलका जातिय भातृसंगठनहरु सँग साझा मुद्धाहरुमा सहकार्य गर्ने,

८. पार्टीको जनता सँग माओवादी विशेष रुपान्तरण अभियानमा सम्पूर्ण आदिवासी जनजातिहरुलाई सहभागी गराउन र पार्टीका योजना तथा कार्यक्रमहरुमा आदिवासी जनजातिका योजना तथा कार्यक्रमहरु समाविष्ट गर्न पार्टीलाई विशेष अनुरोध गर्ने ।

**३. आर्थिक सम्बन्धमा :**

१. घटक संगठन तथा केन्द्रिय सदस्यहरुलाई टोकिएको लिबी यथाशिघ्र बुझाउने,
२. संयोजक र आर्थिक विभाग प्रमुखको नाममा संयुक्त बैंक खाता खोल्ने,
३. कोष निर्माणका लागि आदिवासी जनजातिका उद्योगी व्यावसायी लगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरुसँग एक अन्तरक्रिया गर्ने,
४. घटक मोर्चाहरुको सदस्यता रसिद छपाई व्यापक रुपमा वितरण गर्ने,

**५. विविध सम्बन्धमा :**

–आदिवासी जनजाति संयुक्त मोर्चाको कार्यलय स्थापना गरि एक कार्यलय सचिव नियुक्ति गर्ने,
–केन्द्रमा एक सूचना प्रविधि IT विभाग गठन गर्ने र जस अन्तर्गत विभिन्न सामाजिक सञ्जाल आइडी, इमेल र वेवसाइट निर्माण गर्ने,
–मोर्चाबाट बार्षिक मुखपत्र प्रकाशन गर्ने निर्णयलाई कार्यन्वयन गर्ने,
–आदिवासी जनजातिहरुले संचालन गरेका संचार माध्यमहरुलाई प्रोत्साहन गर्ने,
–समुदायलाई सचेतना र जागरण पैदा गर्न विभिन्न खालको चेतनामूलक साँस्कृतिक कार्यक्रमहरु संचालन गर्ने,

**–समसामयीक प्रस्ताव**

१. कोशी प्रदेश नामाकरण खारेज गरि पहिचानको आधारमा नामाकरण गर्न चलिरहेको आन्दोलन प्रति समर्थन र एक्यवद्धता जाहेर गर्दछौं,
२. धरान उपमहानगरपालिकामा पछिल्लो दिनमा देखिएको सामाजिक संदभाव र विभिन्न समुदाय विचको आपसी सामाजिक संदभाव खल्बलिने गरि भएका घतिविधहरु तुरुन्त बन्द गरि परम्परादेखि चल्दै आएको धर्म संस्कृति परम्परालाई कायम गरि निर्वाद रुपमा संचालन गरि सामाजिक संदभाव कायम गर्न नेपाल सरकार, राजनीतिक दलहरुसँग र विभिन्न जातिय, धार्मीक समुदायलाई अनुरोध गर्ने निर्णय गर्ने,
३. भगवती पाण्डेले मगर, तामाङ र मुस्लिम समुदायमाथी कथित उच्च सामन्ती जातिय अंहकारवादी अभिव्यक्ति प्रति खेद प्रकट गर्दै त्यसका विरुद्ध चलेको आन्दोलनलाई समर्थन गर्ने र आन्दोलन दमन गर्नेलाई कार्वाहीको माग गर्ने ।